नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं ३४

मितिः२०८३/०४/१५

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः बजेट विनियोजन कुशलता तथा कार्यन्वयनमा वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ को उपदफा (३) मा गाउँपालिका/नगरपालिकाले योजना तर्जुमा गर्दा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सकीने लगायतका विभिन्न १० वटा प्राथमिकता दिनुपर्ने विषयहरुसमेत उल्लेख गरिएको छ । साथै स्थानीय तहले योजना वनाउदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासँग अनुकुल हुने गरी सुशासन, वातावरण संरक्षण, जलवायु परिवर्तन जस्ता अन्तरसम्वन्धित विषयहरुलाई ध्यान दिनुपर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ। यसरी स्थानीय तहको योजना तर्जुमा, बजेट विनयोजन र सोको प्रभावकारी कार्यन्वयन मार्फत स्थानीय तहको समग्र आर्थिक, सामाजिक तथा पूवाधार विकास मार्फत नागरिकको अधिकतम हित सुनिश्चित गर्नुको अलावा प्रचलित कानूनमा भएको व्यवस्थाको मर्म प्रतिकूल हुने गरी केहि गाउँपालिका र नगरपालिकामा आफ्ना प्राथमिकताका क्षेत्रभन्दा बाहिरका विभिन्न संघ संस्थाको नाममा बजेट विनियोजन हुने र विनियोजित बजेटको कार्यन्वयनमा वित्तीय अनुशासन समेत कायम हुन नसककेको भनी विभिन्न माध्यमबाट गुनासो प्राप्त हुन आएकोले स्थानीय तहमा प्राप्त हुने बजेट बृहत्तर सार्वजनिक हितका विषयमा केन्द्रित रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको परिधिभित्र रही योजना तर्जुमा र बजेट विनियोजनमा व्यवस्थापकीय कुशलता साथै कार्यन्वयनमा वित्तीय अनुशासन कायम गरी खर्च गर्ने व्यवस्था गर्नु/गराउनुहुन मिति २०८३/०४/१५ को (मा.मन्त्रिस्तर) निर्णयानुसार अनुरोध छ ।

बोधार्थः

श्री सूचना प्रविधि शाखाःवेवसाईटमा अपलोड गरिदिनुहुन ।

प्रकाश पन्थी

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np